## मिति २०७९/१०/२६ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १ :**

नेपालगंज उप-महानगरपालिकाको यस अघिका विभिन्न मितिमा भएका कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थालाई समिक्षा गरियो ।

**निर्णय नं. २ :**

नेपालगंज उप-महानगरपालिकाको स्वास्थ्य सेवा विधेयक, २०७९, सार्वजनिक निजी साझेदारी विधेयक, २०७९ र खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धि विधेयक, २०७९ स्वीकृतिका लागि नेपालगंज उप-महानगरपालिका नगर सभाको १२ औ अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

नेपालगंज उप-महानगरपालिका क्षेत्रको ऐतिहासिक, सांस्कृतिक तथा सामाजिक परिवेश झल्किने लोगो तयारीका लागि सार्वजनिक प्रस्ताव आह्वान गर्ने र छनौट भएको उपयुक्त प्रस्तावलाई पुरस्कार स्वरुप रु ३०,०००।- (अक्षरुपी तिस हजार मात्र) प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

नेपालगंज उप-महानगरपालिका क्षेत्रको भित्र कर संकलन कार्यलाई व्यवस्थित गर्न तथा आन्तरिक स्रोतलाई मजबुद र अनुमानयोग्य बनाई कर बृद्धि, स्थलगत रुपमा कर संकलन गर्नको लागि कार्ययोजना बनाई कार्यान्वयन गर्न कार्यपालिका सदस्य श्री बसन्त कुमार कनौजियाको संयोजकत्वमा ७ सदस्यीय राजश्व संकलन समन्वय समिति गठन गरि राजश्व संकलनमा अन्य घुम्ती कार्यदलहरु बनाई परिचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

नेपालगंज उप-महानगरपालिकाको चालु आ.व. २०७९/८० को लागि एघारौं नगरसभाबाट स्वीकृत वजेट, योजना तथा कार्यक्रमहरुमध्ये नेपालगंज उप-महानगरपालिका र सम्बन्धित वडा कार्यालयहरुबाट पेश भए बमोजिम वजेट, योजना तथा कार्यक्रमहरु रकमान्तर तथा संसोधनका लागि नेपालगंज उप-महानगरपालिका नगर सभाको बाह्रौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

CamScanner